सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्ष :५ ✵ अंक १२० ✵ २०८० साल, पौष २७ गते शुक्रबार ✵ Friday 12 Jan, 2024 ✵ मूल्य रु. ५/- ✵ पृष्ठ : ४

## छोराछोरीको जीवनभन्दा भोज प्यारो,रुक्दैन बाल बिवाह



***शुभम सन्देश, कोल्हवी, २६ पौष***

बाल विवाह गर्नु/ गराउनु गैरकानूनी भएपनि बारा लगायत तराइका गाउँ समाजमा खुलेआम रुपमा हुने गरेको पाईएको छ ।

बाराको कोल्हबी नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीले कोल्हबीमा खुलेआम बाल विवाह हुने गरेको बताएका हुन् ।

बाल विवाह रोक्नका लागि कोहि पनि अघि नसर्ने गरेको उनीहरुको भनाई छ । युनिसेफ नेपालसँगको साझेदारीमा सामाजिक संस्था जिल्ला समन्वय समिति-एसओडीसी, पर्साले आयोजना गरेको कार्यक्रमका सहभागीले बताएका छन ।

कोल्हबी नगरपालिकामा बाल विवाहलाई रोक्न किशोर किशोरीहरूलाई सशक्त बनाउन कार्यक्रम सञ्चालन हुँदैछ । बिहीबार नगर पालिकाको कार्यालयमै नगर स्तरीय सरोकारवालाहरूसँग अभिमुखीकरण तथा समन्वय बैठकको अयोजना गरिएको थियो ।

बाल विवाह हुन लागेको बारेमा टोल छिमेकलाई थाहा हुने भएपनि रोकथामका लागि पहल नगर्ने गरेको सहभागीको भनाई छ । ‘बाल विवाह हुँदैछ भनेर छिमेकीलाई थाहा हुन्छ, तर कसैले पनि उजुरी गर्दैनन्, बरु भोज खाएर फर्कन्छन् ।’ एक सहभागीले भने ‘ पछिल्ला दिनमा कम उमेरमै किशोर किशोरी भाग्ने प्रचलन पनि बढेको छ ।’

एसओडीसीसी पर्साले युनिसेफको सहयोगमा पर्सा, बारा र रौतहटका १२ वटा पालिकाका सय वटा विद्यालयमा किशोरीलाई सशक्त बनाउन कार्यक्रम सञ्चालनमा ल्याएको छ ।६ नोभेम्बर २०२३ देखि ५ जुन २०२४ सम्म सञ्चालन हुने कार्यक्रम मार्फत २० हजार बालबालिकालाई बाल विवाह विरुद्ध सचेत बनाउने लक्ष्य छ उत्त अभिमुखीकरणमा एसओडिसीसीकी सरस्वती खरेलले किशोरी सशक्त भएपछि बाल विवाह न्युनीकरण हुने विश्वास व्यक्त गरिन् ।

उनले भनिन्, ‘किशोरी कतै न कतै इन्गेज भइरहुन, जसले गर्दा बाल विवाह तिर ध्यान नजाओस, भन्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको उनको भनाइ रहेको थियो । ’

कम उमेरमा विवाह गर्दा हुने हानी नोक्सानीका बारेमा बुझाउन कार्यक्रम मार्फत मनोसामाजिक परामर्श समेत दिने उनले बताइन् । युनिसेफको जनकपुर कार्यालयका बाल संरक्षण विज्ञ कामदेव खनालले किशोरीलाई विद्यालयमा टिकाउन सके ‘बाल विवाह’ कम हुने धारणा राखे । ‘ स्कुल जाने किशोरीलाई सहयोग गर्ने, नजानेलाई लेखपढ गर्न र मोबाईल चलाउन सिकाउने, पढाइसँगै सीपमूलक तालिम दिएर सक्षम बनाउने हो भने पालिकामा बाल कल्याण अधिकारी तोकेर बालबालिकाको हितमा काम गर्न उनले सुझाए ।

नगर प्रमुख राम प्रसाद चौधरीले बुझेर बुझ पचाएका कारण समस्या बनेको बताए । ‘ बाल विवाह समाजमा जकडिएको समस्या हो । यसले दुरगामी असर पार्छ । कम उमेरमा भागेरै किन नहोस विवाह गर्दा स्वास्थ्यमा गम्भिर असर पर्छ, परिवारमा कलह बढ्छ । उनीहरुबाट जन्मने बच्चा स्वस्थ हुँदैन, जति मेहनत गरेपनि आर्थिक स्तर माथि उकास्न सक्दैनन् । ’ उनले भने । अधिकारको कुरा गर्ने तर कर्तब्य पालना नगर्ने हुँदा समाजमा विकृति कायम रहेको उनको भनाई छ ।

बाल विवाह रोक्न शिक्षामा जोड दिएको दावी गर्दै उनले स्नातक तह पढेपछि विवाह गर्नेलाई प्रोत्साहन गर्ने नीति पालिकाले लिने बताए । किशोरी सशक्तीकरण कार्यक्रमलाई दिगोपन दिनका लागि नगरपालिका प्रतिबद्ध रहेको नगर प्रमुख चौधरीले जानकारी गराए । यस्तै नगरमा बाल विवाहसँगै लागु औषध दुर्व्यसन पनि नियन्त्रण गर्न जरूरी रहेको उनले बताए ।

## सानो पाइला बचत तथा ऋण सहकारी सस्थांको कार्यालयमा शिल




**२६ पुस,वीरगञ्ज ।**

वीरगञ्ज महानगर पालिकाले सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा शिल गरेको छ । वीरगञ्ज महानगर पालिका सहकारी शाखा प्रमुख सुनिल कुमार कर्णले विहिवार सस्थाको वीरगञ्जस्थित कार्यालयमा शिलबन्दी गरेका छन् ।वडा न ६ का वडा अध्यक्ष जयप्रकाश शाह अग्रवाल, जिल्ला प्रशासन कार्यालयका ब्रहमदेव प्रसाद यादव, वडा प्रहरी कार्यालय बीर्ताका प्रहरी सहायक निरीक्षक राम इश्वर महतोको रोहवरमा सहकारीमा शिलबन्दी गरिएको सहकारी शाखा प्रमुख कर्णले बताए ।

सानो पाइला बचत तथा ऋण सहकारी संस्था बीरगन्जले बचतकर्ताको करोडौ रुपैया फिर्ता नगरिको भन्दै महानगरपालिकाले कारवाही प्रक्रिया अघि बढाएको छ । सोही कारवाही बमोजिम शिलबन्दी गरिएको नगरप्रमुख राजेशमान सिंहले जानकारी दिनुभयो ।

## आन्दोलनको तयारीमा मधेशका यातायात मजदुर

जनकपुर । यातायात क्षेत्रका कानुन संशोधन र नयाँ कानुन निर्माणमा सरोकारवालहरूको सुझाव ग्रहण गर्न नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन मधेश प्रदेशले सरकारलाई सुझाएको छ । बिहीबार जनकपुरमा आयोजित प्रदेशस्तरिय कार्यशालाले यदि सरकार एकलौटी अघि बढे देशव्यापी आन्दोलन गर्ने निष्कर्ष निकालेको छ ।




सङ्गठनले देशव्यापी सञ्चालन गरिरहेको कार्य थलो अभियान अन्तर्गत योजना कार्यशालाका लागि जनकपुर आएका सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राईले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ संशोधनको अन्तिम अवस्थामा रहेको भए पनि सरकारले सरोकारवालाहरूसँग छलफल नगरेको र यातायात मजदुरलाई असर गर्ने सहरी यातायात ऐन कार्यान्वयनको तयारी गरेकाले यसको खबरदारी देशभरिका यातायात मजदुरहरूले गर्नुपर्ने सङ्गठनका अध्यक्ष राईले बताए ।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनले सरकारलाई लिखित रूपमा कानुन संशोधनका लागि सरकारलाई १६ सूत्रीय सुझाव प्रस्तुत गरेको बताउँदै अध्यक्ष राईले भने- ‘सडक दुर्घटनामा चालकलाई हुने सजायको व्यवस्था रहेको सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को उप दफा २, दफा १६२, दफा १६३ र दफा १६४ श्रमिक प्रतिकुल रहेकाले संशोधन गर्दै र दफा १६७ लाई पूर्ण कार्यान्वयन गर्नुपर्छ ।’

त्यस्तै ‘मोटर बीमा दर सम्बन्धी निर्देशिका २०७३’ लाई संशोधन गर्दै मजदुर बीमा, तेस्रो पक्ष बीमा र यात्रु बीमा रकमलाई समय सापेक्ष वृद्धि गर्नु पर्ने, साना सवारी साधनको गल्तीले हुने दुर्घटनाको क्षतिपूर्ति ठुला सवारी साधनलाई भुक्तान गराउने गलत प्रथाको अन्त्य गर्दै कानुनी संशोधन गरिनुपर्ने पनि राईले बताए ।

ऐनमा सवारी चालक अनुमति पत्र वितरणसम्बन्धी प्रावधानमा ई रिक्सा चालकहरूका लागि विशेष व्यवस्था गर्दै ठुला तथा मझौला सवारी चालक अनुमति पत्र सिँधै पाउने व्यवस्था गर्दै सडक दुर्घटनामा घाइते तथा अङ्गभङ्ग भएका श्रमिक तथा सर्वसाधारण जनताको राहतका लागि कोषको व्यवस्था गर्नुपर्ने लगायतका विषयहरू सरकारलाई सुझाव दिइसकिएको भए पनि ऐन निर्माण भएर सदनमा पेश गर्ने अवस्थामा समेत सरोकारवालाहरूसँग सरकारले छलफलमा **बाँकी तेस्रो पृष्ठमा........**

**जाडोको समयमा चिसो बाट बचौ ।**

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

परवानीपुर गाउँपालिकाको
कार्यालय ,लिपनीमाल ,बारा

# सुदृढ राज्य प्रणाली............

र अनुगमन गर्न नसकेकै कारण नागरिकले परिवारको खुशीमा सम्झौता गरेर गरेको बचत फिर्ता गराउन सक्दैन ।

कमाइ गर्दा कर लिने सरकारले आफ्नै रेखदेखमा सञ्चालित संस्थाले ठगेर भाग्दा कम्तीमा बचत भए पनि फिर्ता गराइदिनुपर्छ कि पर्दैन ?उच्च शिक्षा दिने भनिएका शिक्षण संस्थाहरू आफ्नै प्रणाली भत्काएर अस्तव्यस्तताको भुमरीमा परेका छन् । आफैले उत्पादन गरेका बेरोजगारको सन्देहमा छन् ।

विना सेवा र असान्दर्भिक बन्दै गएको शिक्षाका लागि महँगो शुल्क तिर्नुभन्दा विदेशिन तयार छन् विद्यार्थीहरू ।

दानापानीका स्रोत विद्यार्थी नै नभएपछि ती संस्था अस्तित्वरक्षाको अवस्थामा पुगेका छन् ।नयाँ उद्योग विस्तार गर्ने कुरा छाडौं, पहिले भएका नै बन्द गराइएका छन् । नयाँ सुरु गर्न दलालको चंगुल, कर्मचारीतन्त्र, नेताका लठैत र बिचौलियाको जालो छिचोल्न सकिदैन । वर्षौं उत्पादन गरिराखेका साना उत्पादक बाहिरका ठूला उत्पादकका उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेर बन्द हुँदैछन् । रोजगारका अवसर बढ्दै जानुपर्नेमा दिनानुदिन घट्दो क्रममा छन् ।हाम्रा तन्त्रहरू यति निकम्मा भए कि वातावरण बनाउन त परै जाओस्, पार्टपुर्जा सलामत राखेर आफ्नै अस्तित्व कायम गर्न कठिन छ ।

राज्य आफैले निर्माण गरेका नीति नियमहरू कार्यान्वयन गर्दैन, सक्दैन । तोकेको समयमा त के त्यसको दोब्बर समयमा समेत कुनै पनि आयोजना सम्पन्न हुँदैनन् । राज्यले गौरवका आयोजना किटान गरेका योजना त दशक पुग्दा पनि सम्पन्न हुँदैनन् भने अरूको के कुरा। एउटा मेलम्ची योजना सरकारको क्षमताको तस्वीर हेर्न काफी छ ।नागरिकको सरकारसँग त्यति ठूलो अपेक्षा छैन- गरिखाने वातावरण, न्याय र सुशासन हो । यी सबै सुध्रने नदेखेपछि नागरिकलाई यो देश कहिल्यै पनि बन्दैन जस्तो लाग्छ । तब नागरिक विद्रोही बन्छ, नकारात्मकता बढ्छ अनि हरेस खाएर पलायन हुने बाटो रोज्छ ।सक्रिय उमेरका नागरिक देश छाड्दा श्रम सीप मात्र होइन, एउटा विन्दुमा पुगेपछि देशको आर्थिक पूँजी पनि बाहिरिन थाल्छ ।

बाँकी रहेका नागरिकमा समेत देशमा केही हुन्छ भन्ने आश मर्छ । राज्य, समाज र स्थानीय बजारका मौजुदा प्रणाली र तन्त्रले निकास दिन्छ भन्ने विश्वास लाग्दैन । देशमा सरकार छ, केही हुन्छ भन्ने भरोसा लाग्दैन । जताततै बेथिति, अन्याय कुशासन हुँदा पनि सरकार र विपक्ष दल समेत चुप रहन्छन् ।यस्तो विरोधको आवाजलाई संगठित गर्ने र परिचालित गर्ने सरकारको विकल्पमा अर्को राजनैतिक शक्ति भएको खण्डमा जनतामा अझै आश हुन्छ । तीसवर्षे पञ्चायतबाट वाक्कदिक्क भएका नागरिकलाई २०४६ सालको परिवर्तनको नेतृत्व गर्ने पार्टीमाथि भरोसा थियो । एकदलीय निरङ्कुशतन्त्रको अन्त्य भएर प्रजातन्त्र आएपछि सुधार हुन्छ भन्ने आशा थियो, भएन ।यसै बीच कुशासन र निराशालाई सवाल बनाएर विद्रोही आवाजलाई माओवादीले संगठित गर्‍यो । नागरिकमा व्यवस्था परिवर्तन भएपछि केही हुन्छ कि भन्ने आशा संविधान बन्ने, संघीयतामा जाने र विभिन्न तहका सरकार बनेर कार्यान्वयनमा जाने बेलासम्म रहिरह्यो ।संघीयता अवलम्बन गरेर पनि देशको व्यवस्थामा सुधार आउनुको साटो पहिले भएका राम्रा अभ्यास नासिँदै जाने, सामाजिक संरचना र पद्धतिहरू विघटन हुने तर अर्को उन्नत प्रणालीको विकास नहुनाले नागरिकमा राज्य, यसका अवयव तथा सामाजिक प्रणालीप्रति चरम अविश्वास जाग्न थाल्यो ।

दुर्भाग्य भन्नुपर्छ, मौजुदा कुनै पनि राजनैतिक दलले जनतालाई विकल्पको भरोसा दिलाउन सकेनन् । तब यो गणतन्त्र समस्याको समाधान दिन सक्दैन, यो लोकतान्त्रिक व्यवस्था नै ठिक छैन । एकदलीय राजतन्त्र नै ठीक थियो भन्दा जनताले पत्याउने अवस्था निर्माण भयो ।सरकारका सबै तन्त्रप्रति आश मरेपछि जति नै उट्पट्याङ होस्, ती तन्त्रका विरुद्ध विरोध उराल्नेप्रति भरोसा लाग्न थाल्छ ।सत्ता सम्हाल्ने नेता र दलहरूको नालायकी यिनीहरूको असफलता हो, समग्र लोकतान्त्रिक व्यवस्थाको होइन । दलहरू लोकतान्त्रिक संस्कारका भएनन् । फलस्वरूप दलभित्र राजतन्त्र झाङ्गियो- एउटै नेता नेतृत्वमा जबर्जस्ती रहिरहने । अझ भनौं, पार्टीमा नेता होइन राजाको विकास भयो ।सामान्यतः कुनै प्रणाली र त्यसको संयन्त्रले राम्रो नतिजा दिन सकेन र सन्निकटमा वैकल्पिक प्रणालीको विकास हुने आशा भएन भने कुनै व्यक्तिको चटके नायकत्व वा विप्लाते समूहको नौटङ्कीमा भरोसा जाग्न थाल्छ । विगतको कुनै समयको शासन व्यवस्था त्यतिबेला जति नै अत्यासयुक्त किन नहोस्, पछि आएर नोस्टाल्जिक लाग्न थाल्छ । राजा र उसको तन्त्रको पुनरावृत्तिमा सबै समाधान छ कि भन्ने लाग्छ । नयाँ आउनेसँग पनि विश्वास गर्नु अगाडि सोध्न जरूरी छ- देश विकास गर्ने खाका के हो ? न्याय स्थापना गर्ने, सुशासन कायम गर्ने, रोजगारी सृजना गर्ने र देशलाई मागेर खाने होइन प्रतिस्पर्धी बनाउने मार्गचित्र के हो ? स्पष्ट दृष्टिकोण विनाका विप्लाते प्रवृत्तिले क्षणिक रमाइलो होला दीर्घकाललाई निकास दिँदैन।यस्तैमा दुर्गा प्रसाईंहरू चटपटे समाधान लिएर आइपुग्छन्- लघुवित्त र सहकारीबाट लिएको ऋण मिनाहाको आश्वासन बोकेर । सुन्दा क्रान्तिकारी लाग्छ, ऋणीको ऋण मिनाहा । तर यो सम्भव छ ? यसै पनि आर्थिक विकासमा पिछडिएको देशमा ऋण मिनाहाको दीर्घकालीन असर के हुन्छ ?सबैलाई थाहा छ, त्यति ठूलो र कम सरकारको क्षमताभन्दा बाहिर छ ।

मिनाहा हुनु भनेको लाखौं बचतकर्ताले गाँस काटेर जम्मा गरेको बचत फिर्ता नहुनु हो । ती बचतकर्ताले अरूको ऋण के कारणले तिरिदिनुपर्ने ?लघुवित्त, सहकारी लगायत वित्तीय संस्थामा समस्या छन् । भएका समस्या समाधान गरेर उपलब्ध वित्तीय संस्थाको सुदृढीकरण आवश्यक छ। अझ प्रणाली सुधार्ने, समावेशी र न्यायिक बनाउनुपर्नेछ । तर उल्टो, विकल्प नदिइकनै लोकरिझाइँको लोभमा भएका संस्थामा समस्या खडा गरेर विकासको गतिलाई झन् पछि धकल्ने काम हुँदैछ ।हाम्रा समस्त तन्त्रहरू कमजोर छन् । सरकार अनुत्तरदायी छ । त्यसैले नागरिकले समस्या परेका बेला सहयोग पाउँदैनन् । सरकार आफैं सक्रिय भएर आफ्ना संयन्त्र मार्फत उद्धार गरिदिने भए कोही व्यक्तिको सक्रियता जरूरी हुने थिएन । सरकार आफ्नो दायित्व पूरा गर्न नसक्दा केही व्यक्तिको पहलमा उद्धार हुने गर्छन् । त्यो मानवीय पनि हो । तर यसैलाई बढाइँचढाइ गरेर व्यक्तिले राज्यको दायित्व पूरै बहन गरे जस्तो राज्यलाई कमजोर बनाएर व्यक्तिलाई नायक बनाइन्छ ।

नागरिकमा अहिलेको सरकार, राजनीतिक दल र व्यवस्थाप्रति अविश्वास र घृणा चरम छ । मौजुदातन्त्रका कुनै व्यक्तिले जतिसुकै जिम्मेवार कुरा गरेको होस्, उसको कुरा नै नसुनी गाली बर्सन्छ । तर उल्टो कुनै बिप्लाते आएर हुनै नसक्ने आश्वासन बाँड्दा वाह्वाही हुन्छ ।एकाध समयका हिरोइज्मले सधैं काम गर्दैन, एक बार र केही बार गर्ने हो । यदि गर्दा हो त पत्रकार हुँदा रवि लामिछानेले विदेशमा समस्यामा परेका व्यक्तिलाई गरेको उद्धारको दर नेता भएपछि अझ ठूलो स्तरमा निरन्तर हुँदो हो । दुर्गा प्रसाईंले विदेशमा भएका शव ल्याउन गरेको प्रयासले सबै समस्या समाधान भएको हुँदो हो ।यस्ता थुप्रै व्यक्तिगत प्रयास छन् सानो भए पनि नागरिकलाई राहत दिएका छन् तर राज्यको प्रणालीकै कामको विस्थापन होइन । युट्युबे प्रचार गरिंदा राज्यको त्यो भूमिका नै सकिएको जस्तो गरी गरिन्छ, जुन विप्लाते माहुरीले गोलाको निरन्तरता दिन्छ भने जस्तै हो ।

राज्यका सम्बन्धित प्रणाली सबल र जिम्मेवार नभएसम्म टालटुले प्रयासले आम रूपमा समस्या समाधान हुँदैन ।विप्लाते सोच नागरिक, सामाजिक सञ्जाल र युट्युबेहरूमा मात्र होइन सरकारमा बस्नेहरूमा समेत छ । उनीहरूलाई पनि लाग्छ- सरकारका अवयवले काम गर्न नसकेर समस्या भएपछि अरू कुनै समूह वा शक्तिकेन्द्रले गरिदेओस् । यस लेखको सुरुवातमा उल्लिखित प्रतिनिधि उदाहरण हुन् ।अचम्म लाग्छ वर्षौंदेखि स्थापित शक्ति, प्रणाली, संयन्त्र र तन्त्र प्रति अविश्वास गरेर यस्ता विप्लाते प्रयास प्रति नागरिक किन आकर्षित हुन्छन् ?पुराना स्थापित यन्त्र, तन्त्र, संयन्त्र र प्रणालीहरू आफूलाई समय र नागरिकको चाहना अनुसार परिष्कृत गर्दै लगेर समयसामेक्ष बनाउँदै लगे विश्वास कायम रहन्छ । परिष्कृत हुन छाडेपछि यसका सदस्यहरूलाई लाग्छ यो असान्दर्भिक भयो ।

क्यामिङ र हेनरी (१९६१) को सिद्धान्त अनुसार मौजुदा संरचनामा सदस्यको सहभागिता घट्दै जान्छ । सहभागिता घटेपछि सदस्यबीचको अन्तरक्रिया कम हुँदै जान्छ र संगठनको लक्ष्यमा परिवर्तन हुन्छ । त्यसपछि नयाँ संस्थाको जन्म वा पुरानोको नयाँ स्वरूप आउँछ । अन्ततः स्वाभाविक रूपमा प्रणालीहरूको पुनर्संरचना हुन्छ ।तर विडम्बना पछिल्लो समय राष्ट्रियस्तरमा यो प्रक्रिया कामयाबी भएको छैन । नागरिकका विद्रोही आवाज संगठित गरेर ऊर्जामा परिणत गर्ने राष्ट्रियस्तरको सफल पहल नहुँदा स-साना कोखे प्रयासलाई भरोसा गर्ने अवस्था बनेको छ ।

यस्तैमा कमजोर तन्त्रको सामीप्यमै नागरिकलाई भुलभुलैयामा राखेर फाइदा लिने, हिरो बन्ने र सरकार तथा स्थापित तन्त्रको भूमिका खेल्न खोज्ने खुद्रे प्रवृत्ति विकास हुन्छ । अन्य विकल्पको अनुपस्थितिमा नागरिक उनीहरूलाई विश्वास गर्न बाध्य हुन्छन् । फलस्वरूप बिप्लाते प्रयास र सोच फस्टाइरहन्छ ।विकसित मुलुकको तुलनामा नेपाल जस्ता पिछडिएका देशका नागरिक अथाह समस्या झेलिरहेका छौं । ती सबै गलत राज्य संचालन प्रणालीको अभ्यास र उपयुक्त प्रणाली विकास तथा उपयोग गर्न नसक्नुका परिणाम हुन् । समस्या रातारात सृजना भएका पनि होइनन्, वर्षौंका गलत अभ्यासका परिणाम हुन् । तर पछिल्लो समय तीव्र विकास गरेका देशहरू हेर्दा के भन्न सकिन्छ भने सही राजनीतिक र राज्य सञ्चालन प्रणाली अपनाउन सक्यो भने आजको प्रविधिको युगमा प्रगति गर्न समय लाग्दैन ।देशको विकास हुन नसक्नु राज्य सञ्चालन गर्नेहरूले उपयुक्त वातावरण तयार गर्न नसक्नु हो ।

त्यसैले उनीहरूसँग असंख्य गुनासा छन् । राज्यका प्रणाली विरुद्ध पोखिएका गुनासा आफ्नै हुन् झैं लाग्छ र विभिन्न तरिकाले समर्थन गर्छौं ।

समाधान दिने नाममा असन्तुष्टि र गुनासाका चाङ देखाएर भावनामा खेल्ने, भइराखेका भत्काउने तर नयाँ बनाउने विकल्प दिन नसक्ने बिप्लाते प्रवृत्तिले अझ विनास हुन सक्छ । राज्य सञ्चालनको नेतृत्व गरिसकेका नेताहरूले समाधान दिन सक्दैनन् भन्ने त यत्रो वर्षको अभ्यासमा देखिइसकेको छ ।

नयाँ आउनेसँग पनि विश्वास गर्नु अगाडि सोध्न जरूरी छ- देश विकास गर्ने खाका के हो ? न्याय स्थापना गर्ने, सुशासन कायम गर्ने, रोजगारी सृजना गर्ने र देशलाई मागेर खाने होइन प्रतिस्पर्धी बनाउने मार्गचित्र के हो ? स्पष्ट दृष्टिकोण विनाका बिप्लाते प्रवृत्तिले क्षणिक रमाइलो होला दीर्घकाललाई निकास दिँदैन ।

## आन्दोलनको.....

नराखेको राईले बताए सुझाव नसमेटी कानुन पारित गरिए देशव्यापी आन्दोलन गरिने बताउँदै सम्पूर्ण यातायात मजदुरहरूलाई तयारी अवस्थामा रहन अध्यक्ष राईले आह्वान गरेका छन् ।

कार्यशालाले मधेश प्रदेशको आठवटै जिल्लाहरुमा सरकारको षडयन्त्रको बारेमा खबरदारी सभाहरू गर्ने, सङ्गठनको सदस्यता विस्तारका लागि बसपार्कहरूमा शिविर अभियान सञ्चालन गर्ने, सङ्गठनका नियमित कार्यक्रम गर्ने र मजदुरहरूको कार्य थलोमा सचेतना अभियानहरू सञ्चालन गर्ने योजना पास गरेको छ । कार्यशालामा सङ्गठनका केन्द्रीय उपाध्यक्ष तथा प्रदेश इन्चार्ज सुरेन्द्र साह, जनकपुरका संस्थापक नेता असर्फी झा, सङ्गठनका पूर्व केन्द्रीय उपाध्यक्ष रामनरेश सिंह लगायतका नेताहरूले कार्यशालाको सहजीकरण गरेका थिए । सङ्गठनका प्रदेश अध्यक्ष अनिरुद्ध झाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रदेश सचिव मनोज झाले गरेका थिए ।

## युट्युबको माध्यमबाट..............

भएकाले युट्युबमार्फत पत्रकारिता गर्नेको पनि अभिभावक भएको प्रष्ट पार्दै अध्यक्ष बस्नेतले युट्युबका माध्यमबाट हुने पत्रकारितामा देखिएका समस्या समाधान गर्ने विषयमा काउन्सिलले सधैं गम्भीरतापूर्वक भूमिका निर्वाह गर्ने गरेको बताए ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले समाजले नयाँ कुरालाई सहजै स्वीकार्न नसक्ने भन्दै हिजो पत्रपत्रिका, रेडियो र अनलाइनले भोगेको समस्या अहिले युट्युब सञ्चालकले भोगेको बताए ।

उनले सम्पादन बिनाको सामग्री सञ्चार सामग्री नहुने भन्दै युट्युबको माध्यमबाट पत्रकारिता गर्नका लागि आवश्यक दक्षता दिएर प्रोत्साहन गर्न आवश्यक रहेको बताए ।

युट्युबमार्फत हुने पत्रकारितामा संलग्नहरू सञ्चार क्षेत्रकै सदस्य भएको भन्दै उनले नियमसंगत, व्यवस्थित सञ्चालन भई पूर्ण सदस्य बन्न सञ्चालकहरूलाई आग्रह गरेका थिए । प्रेस काउन्सिलले करिब ५० वटा युट्युबमार्फत पत्रकारिता गर्नेहरूलाई तालिमसहितको अभिमुखीमरण कार्यक्रम गरेको थियो ।

जाडोको समयमा चिसो बाट बचौ ।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई माया ,स्नेह गरौ । महिला हिंसा अन्त गरौ ।

पचरौता नगरपालिकाको
कार्यालय बेनौली, बारा

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# रामबहादुर बम्जनलाई पुर्पक्षका लागि थुनामा राख्न सर्लाही अदालतको आदेश



सप्तरी – जिल्ला अदालत सर्लाहीले बाल यौन शोषणको मुद्दामा र ामबहादुर बम्जनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ । उनीविरुद्ध जिल्ला अदालतमा 'यौन सन्तुष्टि प्राप्त गर्ने तथा बाल यौन शोषण'को आरोपमा मुद्दा परेको थियो । जिल्ला प्रहरी कार्यालयले बिहीबार सर्लाही जिल्ला अदालतमा हाजिर गराएकोमा अदालतले बम्जनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको हो ।

बिहीबार बसेको न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासले बम्जनलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए । अदालतको आदेशपछि बम्जनलाई जिल्ला कारागार महोत्तरी लगिएको छ । सर्लाहीको पत्थरकोटस्थित बम्जनको आश्रमस्थलमा आनी बनेर बसेकी एक बालिकालाई जबर्जस्ती करणी गरेको आरोप लगाउँदै तपस्वी बताउने बम्जनविरुद्ध बाल यौन शोषणको मुद्दा परेको थियो । बम्जनको मुद्धामा बिहीबार लगभग ४ घण्टा बहस चलेको थियो ।

वादीका तर्फबाट जिल्ला सरकारी वकिल कार्यलयका प्रमुख कैलाश दाहाल र अधिवक्ता अन्नत न्यौपाने तथा प्रतिवादीका तर्फबाट अधिवक्ताहरू डा. कुन्साङ लामा, अजय तामाङ, दिलिप कुमार झा, महनिधि सेडाई र अमृत कुमार लामाले बहस गरेका थिए ।

बहस पछि आरोपी बम्जनलाई घटनामा संलग्न छैन भन्ने पुष्टि हुन सक्ने आधार नभएको भन्दै अदालतले पुर्पक्षमा राख्ने दिएको हो ।२०७३ साउन २० गते राति ९ बजेर २० मिनेटको समयमा आश्रमस्थलमै आनी बनेर बसेकी एक बालिकालाई विभिन्न किसिमको प्रलोभन देखाई सुत्ने कोठामा जबर्जस्ती करणी गरी यौन सन्तुष्टि लिएको र पीडितलाई डर, धाकधम्की देखाइएको दायर गरिएको मुद्दामा उल्लेख छ ।

घटना भएको बेला पीडित बालिका १५ वर्षकीमात्र थिइन् । उनी १८ वर्षकी भएपछि ०७६ माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको थियो । अदालतले बम्जनलाई पक्राउ गर्न अनुमति दिए पनि फरार थिए । काठमाडौंमा पक्राउ परेका बम्जनलाई प्रहरीले स्थलमार्ग भएर बिहीबार सर्लाही पुऱ्याएर अदालतमा पेस गरेको थियो ।

**सभार : ई कान्तिपुर दैनिक**

# खेल खबर

## वर्तमान र पूर्व कप्तान भित्र्याएपछि उत्साहित एपीएफ

२६ पुस, काठमाडौं । नेपाल एपीएफ क्लबले नेपाली राष्ट्रिय क्रिकेट टिमका वर्तमान कप्तान रोहितकुमार पौडेल र पूर्व कप्तान ज्ञानेन्द्र मल्ललाई अनुबन्ध गरेको छ ।शनिबारदेखि सुरु हुने प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितालाई मध्यनजर गर्दै एपीएफले रोहित र ज्ञानेन्द्रलाई अनुबन्ध गरेको हो । यसअघि त्रिभुवन आर्मी क्लबबाट खेल्दै आएका रोहितले अब एपीएफ क्लबको कप्तानी गर्ने छन् मल्ल, शरद भेषावकर, शक्ति गौचन जस्ता खेलाडीहरु अनुबन्ध गरेर बलियो टिम बनाएको थियो ।बीचमा उनीहरुले क्लब छाड्दै गए । यस्तै गत वर्षसम्म क्लबको कप्तानी गरेका भेट्रान खेलाडी शरद भेषावकर ले पनि एपीएफ छाडेर काठमाडौं जिल्लाबाट छनोट खेलेका थिए ।यसअघि खेलेको टिममा प्रशिक्षकको रुपमा अनुबन्ध हुँदा ज्ञानेन्द्र समेत उत्साहित भएको केसीले जानकारी दिए ।रोहितले पनि यसअघि एपीएफ




।नेपाल एपीएफ क्लबका खेल व्यवस्थापक विजय केसीका अनुसार क्लबले पूर्व कप्तान ज्ञानेन्द्रलाई प्रशिक्षकको रुपमा अनुबन्ध गरेको छ ।'हामीले रोहितलाई खेलाडी र ज्ञानेन्द्रलाई प्रशिक्षकको रुपमा अनुबन्ध गरेका छौं,' केसीले भने ।रोहित र ज्ञानेन्द्रको आगमनपछि एपीएफ क्लबका साथै खेलाडीहरु पनि उत्साहित रहेको केसीले बताए ।'कप्तान र कोच दुवै नयाँ आएका छन् । रोहित र ज्ञानेन्द्र आएपछि टिममा नयाँ उर्जा थपिएको छ। पहिलेकै जस्तै एपीएफ टिमको भाइव आएको छ,' उनले भने ।एपीएफले स्थापना कालमा क्रिकेट टिम बनाउँदा पारस खड्का, ज्ञानेन्द्र क्लबलबाट खेलिसकेका थिए । रोहितले सन् २०१८ मा एपीएफबाट खेल्दै प्रधानमन्त्री कपको उपाधि समेत जितेका थिए । एपीएफमा रोहितसँगै राष्ट्रिय टिमका आसिफ शेख, अविनाश बोहरा, सन्दीप जोरा जस्ता खेलाडी छन् ।

राष्ट्रिय टिमबाट खेलिसकेका प्रदिप ऐरी, भुवन कार्की, मौसम ढकाल र कमल सिंह ऐरी पनि टिममा छन् । सुमित महर्जन, अमर राउटेला, लोकेश बम पनि यो टोलीमा छन् ।शनिबारदेखि सुरु हुने प्रधानमन्त्री कपका लागि एपीएफको टोली शुक्रबार घोषणा हुने केसीले जानकारी दिए । एपीएफले प्रधानमन्त्री कपको पहिलो खेल आइतबार बागमती प्रदेश विरुद्ध खेल्नेछ ।

# वीरगन्ज नाकामा भेटिए नयाँ कोरोना सङ्क्रमित



वीरगन्ज नाकामा सञ्चालित 'हेल्थ डेस्क' मा गरिएको एन्टिजेन पर ीक्षणमा दुई व्यक्तिमा कोरोना सङ्क्रमण भेटिएको छाउनीहरु दुवै जनामा कोरोनाको नयाँ भेरिएन्ट जेएन वान् को सङ्क्रमण भेटिएको प्रयोगशाला प्राविधिक निशा साहले जानकारी दिए।प्रयोगशाला प्राविधिक साहका अनुसार आज एक जना नेपाली र बुधबार एक जना भार तीय नागरिकमा कोरोना सङ्क्रमण भेटिएको हो। नेपाल-भारत सीमास्थित नाकाको हेल्थ डेस्कमा बुधबार र बिहीबार करिब एक सयभन्दा बढी व्यक्तिमा एन्टिजेन परीक्षण गरिएको थियो।कोरोना सङ्क्रमण पुष्टि दुवै जना कोलकत्ताबाट रेलको यात्रा गरी आएका थिए। नेपाली नागरिकलाई वीर गञ्जकै नारायणी अस्पतालको आइसोलेसन वार्डमा राखिएको छ भने भारतीय नागरिकलाई बुधबार नै भार तीय प्रहरीको जिम्मा लगाइएको छाउनीहरुमा लिइएको नमुना जिन सिक्वेन्सीङका लागि जनकपुरस्थित प्रादेशिक स्वास्थ्य प्रयोगशालामा पठाइएको वीरगन्ज महानगरपालिकाका जनस्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुर ले बताए । हाल सो हेल्थ डेस्कमा दैनिक दुई सयदेखि दुई सय ५० जनाको स्क्रिनिङ र ५० देखि ६० जनाको एन्टिजन परीक्षण भइरहेको छ ।

# युट्युबको माध्यमबाट पत्रकारिता गर्दा आचारसंहिताको पालना अनिवार्य

काठमाडौं – नेपाल प्रेस काउन्सिलले युट्युबको माध्यमबाट पत्रकारिता गर्नेहरूले पत्रकार आचारसंहिताको पालना अनिवार्य भएको बताएको छ। काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले युट्युबमार्फत मर्यादित पत्रकारिता हुनुपर्ने बताएका छन् ।प्रेस काउन्सिलले आयोजना गरेको युटुब व्यवस्थापनका सन्दर्भमा आचार संहिता अभिमुखिकरण कार्यक्रममा बिहीबार अध्यक्ष बस्नेतले पत्रकारितामा युट्युब माध्यमको भूमिका बढ्दै गएको समेत बताए ।

उनले नेपालको पत्रकारितामा युट्युबको प्रत्यक्ष प्रभाव बढ्दै गएकाले पत्रकारिता गर्ने हो भने युट्युबको सञ्चालन व्यवस्थित गर्न जरूरी रहेको बताए । 'तपाईंहरू युट्युबबाट नै पत्रकारिता गर्छु भन्ने सोच्नुभएको छ भने पत्रकारिताका मूल्य र मान्यताअनुसार चल्नुस् । पत्रकारिता कर्म गर्नुस् । कसैले तपाईंमाथि प्रश्न उठाउँछ भने हामी साथमा छौं,' अध्यक्ष बस्नेतले बताए ।

प्रेस काउन्सिल सबै पत्रकारको अभिभावक संस्था

**बाँकी तेस्रो पृष्ठमा........**

शीतलहर र हिमपातका जोखिमबाट सुरक्षित रहने उपायहरु
केही समय यता बढ्दो चिसो सँगै शीतलहर र हिमपातले जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरू अपनाऔं।
शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं
कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरो दोहरो हुने व्यवस्था गरौं

बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरूलाई चिसोबाट बचाऔं
आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तनपान गराऔं
तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धूम्रपान तथा मद्यपान नगरौं
स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं
सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निसासिएर मृत्यु समेत हुन सक्छ
आगो बालेको ठाउँमा बच्चाहरूलाई एक्लै नछोडौं
देवताल गाउँपालिकाको कार्यालय ,पिप्राढी,बारा